नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
# जिल्ला शिक्षा कार्यालय
बर्दिया गुलरिया,

फोन नं. ०८४-४२०११३
फोन नं. ०८४-४२००४५
फ्याक्स: ०८४-४२०११३

प.सं ०७१/०७२ मिति : २०७१/०५/२४

च.नं.

बिषय: **जानकारी सम्बन्धमा**

श्री जो जससँग सम्बन्धित छ।

यस जिल्लामा मिति २०७१ साल साउन ३० गते दिउसो आएको बाढीले विद्यालय र विद्यार्थीहरुलाई पुऱ्याएको क्षति र उक्त क्षतिलाई न्यूनिकरण गर्नका लागि जिल्लास्तरबाट गरिएको प्रयास र भावी योजनाहरु देहायबमोजिम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

**क. २०७१ साल साउन ३० गते आएको बाढीबाट शिक्षा तहमा भएको क्षतिको विवरण**

१. प्रारम्भिक सर्वेक्षणको आधारमा बाढीको कारण ३०,६७६ विद्यार्थीहरु पाठ्यपुस्तक, पोशाक, झोला, कापी, कलप र स्टेसनरीविहीन भएको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयको प्रारम्भिक सर्वेक्षणबाट जानकारी भएको। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बर्दियाको प्रारम्भिक तथ्याङ्क अनुसार बाढी प्रभावित विद्यार्थीहरुको सङ्ख्या २९०७० भएको।

२. विद्यालयहरुबाट बाढी प्रभावित नामनामेसी विवरण प्राप्त हुनेमा प्राथमिक तहका ६९८० र त्यसभन्दा माथिका ४४४८ गरी जम्मा ११४२८ जना भएको।

३. बाढीले ९२ वटा विद्यालयहरु र ९२ वटै बालविकास केन्द्रलाई क्षति पुऱ्याएको। क्षति पुगेका विद्यालय र बाविकेहरुमा बाढी पसेर कक्षाकोठामा हिलो र बालुवा भरिएको, कक्षाकोठामा भएका चकटी, कार्पेट, फर्निचर, शैक्षिक सामग्री आदि नष्ट भएको, विद्यालय परिसर प्रदूषित भएको।

४. बालविकास केन्द्रमामा अध्ययरत करीव ३००० बालबालिकाहरुको पाठ्यपुस्तक, झोला, कापीकलम समेत बगाएको र नष्ट भएको।

५. यस जिल्लाका ५ जना बिद्यार्थीहरु - जनता उमावि गोलाकी कक्षा १० की छात्रा रविना चौघरी, ध्रुव उमावि तुल्सीपुर गुलरियाकी कक्षा १ की छात्रा मञ्जु खत्री, शान्ति निमावि कुमरागाउ, बानियाभारमा कक्षा १ का छात्र प्रख्यात चौधरी र कक्षा २ की छात्रा पूर्णिमा बिक, मावि प्रशेनीपुरमा कक्षा ९ का छात्र नागेश्वर चौधरी) को मृत्यु भएको।

**ख. राहत प्रदान गर्ने सम्बन्धमा भएका पहलहरु र भावी योजना**

१. मिति २०७१ साल भाद्र ९ गते शैक्षक क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँग बैठक बसी बाढी प्रभावित विद्यार्थीहरुको राहत सङकलन र वितरण गर्ने सम्बन्धमा छलफल र निर्णय भएअनुसार बाढी प्रभावित विद्यार्थीहरुलाई वितरण गर्नका लागि निम्न सामानहरु भएको किट तयार गर्ने सहमति भएको :

**प्राथमिक तहको लागि**

क. सर्ट सिलाउने फिका नीलो कपडा १.५ मीटर,
ख. पाइण्ट सिलाउने गाढा नीलो कपडा १.१० मीटर
ग. मिडियम साइजको कट्टु २ वटा,
घ, १२० पेजको कपि आधा दर्जन,
ङ. नटराजको पेन्सील ४ वटा,
च. नटराजकै कटर र इरेजर १/१ वटा,
छ. सेलो डटपेन ६ वटा
ज. झोला १ थान

**नि.मा.वि.र मा.वि.का विद्यार्थीका लागि**

क. सर्ट सिलाउने फिका नीलो कपडा १.५ मीटर,
ख. पाइण्ट सिलाउने गाढा नीलो कपडा २ मीटर,
ग. मिडियम साइजको कट्टु २ वटा,
घ, १२० पेजको कपि १ दर्जन,
ङ. नटराजको पेन्सील ४ वटा,
च. नटराजकै कटर र इरेजर १/१ वटा,
छ. सेलो डटपेन १२ वटा
ज. झोला १ थान
झ. ज्योमिति १ थान

२ . अधिकतम् प्रभावित संख्या १५,००० बाढीपिडित विद्यार्थीहरुलाई उल्लिखित सामानहरु भएको किट प्रदान गर्नका लागि युनिसेफ, १०,०००, सेभ द चिल्ड्रेन २५००, प्लान नेपाल ७५०, रुम टु रिड ५०० Student Kit प्रस्ताव भइ तयारी Kit यहि मिति २०७१।५।३० गते भित्रमै शिक्षा कलष्टरमा आइसक्नु पर्ने निर्णय भएको भएको।

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

बर्दिया गुलरिया,

फोन नं. ०८४-४२०११३
फोन नं. ०८४-४२००४५
फ्याक्स: ०८४-४२०११३

३. युनिसेफ बाट २ वटा विद्यालयलाई टेन्ट, १० वोटा ECD kit र १० वटा School Kit, चौधरी ग्रुपबाट ६ वोटा विद्यालयलाई २० लाख बराबरको पुर्ननिर्माण प्याकेज र पृथ्वी नि.मा.वि. लखनाका ७५ जना विद्यार्थीको लागि शैक्षिक सामग्री वितरण गर्ने सहमति भएको र सेन्ट जेभियर्स कलेज काठमाडौंबाट प्रा.वि. विक्रीका १०८ विद्यार्थीहरुलाई किट वितरण गरिसकेको र बाकी यस जिल्लाका बाढी प्रभावित ८०० विद्यार्थीहरुलाई student kit सहयोग गर्न अनुरोध गरेको । सहयोग गर्नका लागि गेरुवा ग्रामीण विकास संस्था, नेपाल यूथ फाउण्डेसन, मुक्त कमलरी विकास मञ्च लगायतका संस्थाहरुले पनि प्रस्ताव अघि सारेको ।

४. जिल्ला शिक्षा समिति बर्दियाको मिति २०७१ साल भाद्र ११ गते सम्पन्न बैठकको निर्णयले जिल्लाका सामुदायिक विद्यालयहरुमा राहत र स्वीकृत दरबन्दीमा कार्यरत सबै शिक्षकहरुलाई एक दिनको पारिश्रमिक बाढी पिडित विद्यार्थीहरुलाई प्रदान गर्न आहवान गरेको ।

५. बाढी पिडित बालबालिकाहरुलाई पाठ्यपुस्तक उपलब्ध गराउनका लागि क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग र शिक्षा मन्त्रालयमा अनुरोध गरी पडाएको ।

६. ३० वटा विद्यालयहरुका बाढी पिडितहरुले सेल्टर बनाएर बसेकोमा हाल सबै विद्यालयहरुमा पठनपाठन सुरु भएको र बाढीपितिहरु पनि विद्यालय छोडेर गइसकेको ।

७. जिल्ला शिक्षा कार्यालय र अन्य संस्थाहरुको सहयोगमा विद्यालयहरुमा बालबालिकाहरुलाई काउन्सीलिङ गर्ने कार्य आरम्भ गरिएको ।

८. मिति २०७१ साल भाद्र २० गते सम्पन्न जिल्लास्तरीय प्र.अ. बैठकमा छलफल गरी विद्यालयमा जाने नन सेलरी रकमबाट बाढी प्रभावित विद्यार्थीहरुलाई सहयोग गर्नका लागि सहमति गरिएको ।

९. नियमित कार्यक्रमबाट आउने बजेटले विद्यालय पूर्वाधार र कम्प्यूटर प्रदान गर्ने क्रममा क्षति भएका विद्यालयहरुलाई प्राथमिकता दिने ।

१०. बाढी प्रभावित विद्यालय र विद्यार्थीहरुको तथ्याङ्क सङ्कलन एवम् राहत वितरण कार्यमा नेपाल रेडक्रस सोसाइटी बर्दिया शाखाको अनुरोधमा ४०० जति शिक्षकहरु १ हप्ता देखि ४ हप्तासम्म परिचालन गरिएको ।

११. मिति २०७१।५।२४ सम्म शिक्षा कलष्टरको ३ वटा बैठक सम्पन्न भइ रेस्पोन्सका कार्य नियमित भइरहेको ।

धन्यबाद ।